# शितगङ्गा नगरपालिकाको अपाङ्गता व्यवस्थापन रणनीति


(२०७९- २०८४)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## शितगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल




शितगङ्गा नगरपालिकाको नक्सा

# शितगङ्गा नगरपालिका

ठाडा, अर्घाखाँची



## शुभकामना

शितगङ्गा नगरपालिकाले वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान बमोजिम संघीय गणतान्त्रिक प्रणाली स्थापना भए पश्चात पहिलो गठित स्थानीय सरकारले नगर क्षेत्र भित्र रहेका समुदायमा पछाडी परेका सबै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरूको जीवन स्तरलाई सरल एवं सहज बनाउन अपाङ्गता भएका ब्यक्तिहरूको सहभागितालाई विशेष ध्यान दिएको छ ।अपाङ्गता भएका ब्यक्तिहरूका सवालहरूलाई उपलब्ध श्रोत र साधनका आधारमा चरणवद्ध रुपमा सम्बोदन गर्न योजना बनाउन र प्रभावकारी कार्यान्वयनमा सहजता ल्याउनुका साथै यस क्षेत्रमा सहकार्य गर्न चाहने विभिन्न निकायहरूलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न मद्धत पुगोस भन्ने उद्धेश्यले अपाङ्गता सम्बन्धि रणनैतिक कार्ययोजना २०७८ तयार गरिएको छ।

यो कार्ययोजनाले निर्दिष्ट गरेका लक्ष्य उद्धेश्यहरू पुरा गर्न गराउन सम्बन्धित सबैको सहयोग सहकार्य हुनेछ र यो रणनैतिक कार्य योजनाको अधिकतम प्रयोग गरी गुणस्तर अभिवृद्धि गर्न आ-आफ्नो तर्फबाट भरमग्दूर प्रयत्न गर्नु हुनेछ भन्ने विश्वास लिएको छु। यस रणनैतिक कार्ययोजना निर्माण गर्न सहयोग र सहकार्य गर्ने सरोकारवाला प्रति हार्दिक धन्यबाद दिन चाहान्छु।

सूर्य प्रसाद अधिकारी
नगर प्रमुख
शितगङ्गा नगरपालिका अर्घाखाँची

# शितगङ्गा नगरपालिका

ठाडा, अर्घाखाँची



## शुभकामना

अपाङ्गता भएका ब्यक्तिहरूको विकास र सशक्तीकरणका लागि शितगङ्गा नगरपालिकाले चालेका कदमहरूको इतिहास त्यति लामो छैन । संघीय शासन ब्यवस्थाको शुरूवात भए पछि बनेको स्थानीय सरकारले अपाङ्गता ब्यवस्थापनमा गरेका प्रयासहरूले मात्र अपाङ्गता भएका ब्यक्तिहरूको आवश्यकतालाई पुरा गर्न नसके तापनि यस अवधिमा नगरपालिकाले विभिन्न प्रयासहरू गरेको छ। अपाङ्गता भएका ब्यक्तिहरूको ब्यवस्थापन गर्ने कुरा सरकारको एक्लो प्रयास मात्र प्रयाप्त हुँदैन त्यसैले सबै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरूका अधिकारहरूको संरक्षणमा सहकार्य गर्न र उपलब्ध श्रोत र साधनको अधिकतम रूपमा उपयोगमा ल्याई अपाङ्गता भएका ब्यक्तिहरूका आवश्यकतालाई पुरा गर्न सहज होस् भन्ने अभिप्रायले तयार गरिएको रणनैतिक कार्य योजना २०७८ बनाई कार्यान्वयनमा ल्याउनु सह्रानीय कुरा हो । यो रणनैतिक कार्य योजनाले शितगङ्गा नगरवासी सबै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरू अभिभावकहरू र सम्बन्धित सबैलाई टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा यो रणनैतिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा शितगङ्गा नगरपालिकाले प्राथमिकता दिनेनै छ उक्त अभियानमा सम्बन्धित सरोकार राख्ने निकायहरूको सहयोग रहनेछ भन्ने विश्वासका साथ यो योजना निर्माण गर्न सहयोग गर्नु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

टीका रेश्मी

नगर उप-प्रमुख

शितगङ्गा नगरपालिका अर्घाखाँची

# शितगङ्गा नगरपालिका
ठाडा, अर्घाखाँची



## शुभकामना

राष्ट्रको विकासका लागि योजना निर्माणमा तथ्याङ्क र सूचनाको ठूलो महत्व हुन्छ । समावेशीता समतामूलक विकासको आधार स्तम्भ हो । अपाङ्गता भएका ब्यक्तिहरूको समूह विकास, सेवासुविधा, अवसर, सामाजिक न्याय जस्ता क्षेत्रमा सबैभन्दा पछाडी परेको समूह हो । अपाङ्गता सम्बन्धि प्रयाप्त सूचना र तथ्याङ्क नहुँदा अपाङ्गता क्षेत्रका लागि प्रभावकारी योजना र कार्यक्रम बनाउन निकै कठिन हुने भएकाले शितगङ्गा नगरपालिकाले भविष्यमा सबै प्रकारका अपाङ्गता भएका ब्यक्तिहरूको सेवा सुविधा र अवसरहरूमा पहुँच पुऱ्याउन सहज होस् भन्ने उद्धेश्यले यो रणनैतिक कार्य योजना निर्माण गर्ने पहिलो प्रयास गरेको छ । यो योजनाले नगर क्षेत्र भित्र अपाङ्गता मैत्री वातावरण बनाउन कोशेढुङ्गा हुनेछ भन्ने विश्वास लिएको छु । नेपाल सरकारले जारी गरेका नितिगत कुराहरूको प्रभावकारी कार्यान्वयनमा यसले थप सहजता ल्याउनुका साथै यस क्षेत्रमा कृयासिल संघ संस्थाहरू र अन्य विषयगत कार्यालयहरूले पनि मार्ग दर्शनका रूपमा प्रयोग गरी काममा सरलता ल्याउन थप मद्धत हुनेछ । अपाङ्गता भएका ब्यक्तिहरूको सशक्तीकरण गरी समुदायमा योग्य नागरिक बनाई राष्ट्र निर्माणमा योगदान गर्न सक्ने बनाउन स्थानीय सरकार र सम्बन्धित सरोकारवाला निकायहरूलाई कृयासिल हुन सबैको सामुहिक प्रयासमा योगदान पुऱ्याउन सबैको ध्यान जानेछ र नगरपालिकाले राखेका उद्धेश्यहरू पूरा गर्न यो रणनैतिक कार्य योजनाले योगदान गर्नेछ भन्ने अपेक्षा सहित यो योजना बनाउन सहयोग गर्नु हुने सबैमा धन्यबाद ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत
शितगङ्गा नगरपालिका अर्घाखाँची

# शितगङ्गा नगरपालिका

## ठाडा, अर्घाखाँची



## शुभकामना

अपाङ्गतामा विविधता रहेको हुन्छ ती सबै विविधताले गर्दा अपाङ्गता भएका ब्यक्तिहरूका अवरोधहरूमा पनि विविधता रहेको छ। अपाङ्गता भएका ब्यक्तिहरूका वास्तविक अवरोधहरूको पहिचान विना प्रदान गरिएका सेवा सुविधाहरूले अपाङ्गता भएका ब्यक्तिहरूको गुणस्तरीय जीवनमा खासै प्रभाव पार्न सक्दैन त्यसैले अपाङ्गता भएका ब्यक्तिहरूका वास्तविक अवरोधहरूको पहिचान गरी शितगङ्गा नगरवासीहरूले यस क्षेत्रका अपाङ्गता भएका ब्यक्तिहरूका अवरोधहरूलाई हटाउन खेल्नु पर्ने भूमिका झल्कने गरी तयार पारिएको रणनैतिक कार्ययोजनाले भविष्यमा काम गर्न मार्ग प्रशस्त गरेको महसूस गरेको छु। नेपालको संविधानले अपाङ्गता ब्यवस्थापन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ त्यसैले पनि स्थानीय सरकारको पहलमा यो रणनैतिक कार्य योजना निर्माण हुनु आफैमा महत्व राख्छ। अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि २००६ नेपालको संविधान अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार सम्बन्धि ऐन २०७४ नियमावली २०७५ को प्रभावकारी कार्यान्वयनमा यो रणनैतिक कार्ययोजनाले मद्धत गर्ने छ भन्ने विश्वास लिएको छु। नगरपालिकाले गरेको यो प्रयास प्रति आभार ब्यक्त गर्दै यो रणनैतिक कार्ययोजनाले सम्बन्धित सबैलाई योजना बनाउन र त्यसको प्रभावकारी कार्यान्वयनमा ठूलो सहयोग गर्नेछ। यो योजना तयार गर्न सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यबाद।

नूमलाल खनाल<br>
योजना प्रमुख<br>
शितगङ्गा नगरपालिका अर्घाखाँची

# शितगङ्गा नगरपालिका

## ठाडा, अर्घाखाँची

## शुभकामना



शितगङ्गा नगरपालिकाले अपाङ्गता भएका ब्यक्तिहरूको सेवा सुविधा र अवसरहरूमा पहुँच अभिवृद्धि गरी समृद्ध नगर खुशी अपाङ्गता भएका ब्यक्तिहरू बनाउने अभिप्रायले रणनैतिक कार्ययोजना निर्माण गरेकोमा खुशी ब्यक्त गर्दै शितगङ्गा नगरवासी अपाङ्गता भएका ब्यक्तिहरूको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु।स्थानीय सरकार बने पछि शितगङ्गा नगरले अपाङ्गता भएका ब्यक्तिहरूको दिनचर्यालाई सहज बनाउन गरेका प्रयासहरूको उच्च प्रशंसा गर्न चाहान्छु। यो रणनैतिक कार्ययोजना निर्माणमा नगरपालिकाका सबै वडाहरूबाट अगुवा अपाङ्गता भएका ब्यक्तिहरूको सहभागिता गराई सुझावहरू प्रदान गर्ने अवसर प्रदान गरेकोमा हामी नगरवासी अपाङ्गता भएका ब्यक्तिहरू र परिवार गौरवान्वित छौ।नगर भित्र रहेका अपाङ्गता भएका ब्यक्तिहरूको मानव अधिकारको संरक्षणमा यो योजनाले महत्वपूर्ण योगदान गर्नेछ भन्ने विश्वास लिएको छु साथै यो सह्रानीय काम प्रति आभार प्रकट गर्दछु। अन्त्यमा शितगङ्गा नगरपालिकाले तयार गरेको रणनैतिक कार्ययोजना अनुसार आगामी दिनहरूमा यसको कार्यान्वयनमा नगरले विशेष ध्यान दिनेछ र अपाङ्गता भएका ब्यक्तिहरूको शिक्षा, स्वास्थ्य, जिविकोपार्जन, सशक्तिकरण र सहभागितामा वृद्धि गरी अपाङ्गता भएका ब्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याई अपाङ्गता भएका ब्यक्तिहरूले पनि राष्ट्र निर्माणमा योगदान गर्न सक्नेछन्।नगरपालिकाले सम्बन्धित क्षेत्रमा कृयासिल सबै क्षेत्रको सुझाब र सल्लाहका आधारमा तयार गरेको रणनैतिक कार्ययोजनाको पूर्ण कार्यान्वयन हुनेछ भन्ने विश्वासका साथ यो नगरमा अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले पनि यो रणनैतिक योजनालाई आधार बनाई कार्यान्वयनमा ल्याउन मद्धत पुऱ्याउने छन् भन्ने आशा एवं अपेक्षा राखेको छु। धन्यबाद।

तारापति क्षेत्री  
अध्यक्ष  
देउराली अपाङ्गता उत्थान समाज अर्घाखाँची

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १. | परिचय | १ |


तारापति क्षेत्री
अध्यक्ष
देउराली अपाङ्गता उत्थान समाज अर्घाखाँची

# १. शितगंगा नगरपालिकाको संक्षिप्त परिचय

शीतगंगा नगरपालिकाको नामाकरण यहाँको पवित्र नदी शीतखोला वा शीतगंगाको नामबाट राखिएको हो । नेपालको पुनर्संरचना गर्ने क्रममा स्थानीय तहको गठन गर्दा साविकका ७ गाउँ विकास समितिहरु सीतापुर, सुवर्णखाल, ठाडा, सिमलपानी, सिद्धारा, जुकेना र जलुकेलाई मिलाएर शीतगंगा नगरपालिकाको स्थापना भएको हो । यो नगरपालिका ऐतिहासिक तथा आर्थिक हिसावले परापूर्व काल देखि नै एक महत्वपूर्ण विशिष्ट स्थलको रुपमा परिचित हुँदै आएको छ। यस नगरपालिकाका पूर्वमा पाल्पा, पश्चिममा प्यूठान र दाङ, उत्तरमा सन्धिखर्क, भूमिकास्थान न.पा. र पाणिनी गाउँपालिका तथा दक्षिणमा रुपन्देही, कपिलवस्तु र दाङ जिल्ला पर्दछन ।

पहाड तथा हिमाली क्षेत्रलाई तराई मधेससंग जोड्ने यो नगरपालिका शदियौं देखि व्यापारिक तथा सामरिक महत्व राख्ने नगरपालिका हो । पहिले यसै स्थान भएर पदमार्गबाट तराई हुँदै भारत तथा अन्य देशमा आवतजावत तथा व्यापार हुने गर्दथ्यो । विकासको क्रमसंगै सडक मार्गमा भएको स्तरोन्नति तथा सडक विस्तार हुँदै जाँदा यहाँको विकासमा तीब्रता आउन थालेको छ। यहाँको रमणीय ताल, वनजंगल, खोला नाला, पर्वतीय श्रृंखलाहरु, तथा पौराणिक मठ मन्दिरहरुको कारणले पर्यटकहरुका लागि समेत यो नगरपालिका आकर्षक स्थलको रुपमा विकसित हुँदैछ ।

शितगंगा नगरपालिका लुम्बिनी प्रदेशको अर्घाखाँची जिल्लाको दक्षिणी भूभागमा अवस्थित छ। ६१०.४३ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको अधिकांश भूभाग दक्षिण तर्फ फर्किएको पानी ढालको रुपमा र केहि खेतियोग्य जमीन समथर रहेको छ। यहाँको उत्तरी भाग महाभारत पर्वत श्रृङ्खला र दक्षिणी भाग चुरे भावर क्षेत्र तथा सानातिना नदी बेंसीहरूले ढाकेको छ। चुरे क्षेत्र दक्षिणको मैदानबाट क्रमशः अग्लो भई लगभग १५०० मिटरको उचाइ सम्म फैलिएको छ। यसको अग्लो भू-भाग, तिव्र ढालयुक्त डाँडा र पहाडबाट बनेको छ। चुरे क्षेत्रको भौगोलिक बनावट विशेष गरि बालुवा, कंकड कम विकसित पाँगो माटोबाट बनेको छ। कमजोर भू-धरातल कम विकसित माटाको अवस्थाका कारण मानवीय क्रियाकलाप गर्दा वन फँडानी, खोलानदीको बालुवा, ढुङ्गा, निस्कासन आदिबाट बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोपहरुबाट यो क्षेत्र बढी जोखिमयुक्त बन्दै गएको छ।

## २. पृष्ठभूमि:

शितगङ्गा नगरपालिका स्थापना भए देखि अपाङ्गता ब्यवस्थापनका लागि विभिन्न प्रयासहरू गर्दै आइरहेको छ। स्थानीय स्तरमा अपाङ्गता भएका ब्यक्तिहरू द्वारा गठन भएका संस्थाहरूसँग सहकार्य गर्दै अपाङ्गता भएका ब्यक्तिहरूको जीवनलाई सहज एवं सरल बनाउन विभिन्न प्रयासहरू भए तापनि ती प्रयासहरू प्रयाप्त हुन नसक्दा आज पनि समाजमा अपाङ्गता भएका व्यक्तिहरू त्यसमा पनि अधिकांश अति अशक्त एवम् पुर्ण अशक्त अपाङ्गता भएका ब्यक्तिहरुको अवस्था दयनीय छ। महिला र बालबालिकाहरू दोहोरो विभेदमा छन्। घर परिवारबाट अपहेलित, समाजबाट घृणित समुदायलाई राज्यबाट प्रयाप्त सेवा सुविधा हरु उपलब्ध गराउन नसकेको अबस्था छ। समाजमा हुने अधिकांस क्रियाकलापहरूमा अपाङ्गता भएका व्यक्तिहरु प्राय सहभागी नहुने गरेको पाइन्छ। स्वास्थ्य, शिक्षा, रोजगार, सुचना तथा संचार, कानुनी उपचार जस्ता अवसरहरूबाट उनिहरु बंचित छन्। केही वर्ष यता सरकारी एवम् गैरसरकारी क्षेत्रबाट भएका प्रयासहरूको परिणाम स्वरूप अपाङ्गता भएका व्यक्तिहरु प्रति हेर्ने दृष्टिकोणमा केही हदसम्म सकारात्मक परिवर्तन भएको र आयआर्जनका लागि बिभिन्न शिपमुलक तालिमहरु दिई ब्यवसाय गर्न प्रेरित गरिएको जसको फलस्वरूप उनीहरूको आर्थिक स्थीतिमा सुधार भएको छ। त्यसै गरि शिक्षाको अवसरमा समेत सुधार भई अपाङ्गता भएका विद्यार्थीहरू बिभिन्न तहमा अध्ययनरत छन र केहीले आफ्नो पढाइ पुरा गरि रोजगार समेत भएका छन्। भएका नीतिनियमहरुलाई प्रभावकारी रुपमा लागू गर्न र थप नियम कानुनहरु बनाई लागू गर्न राज्य एवम् अन्य पक्षबाट समेत बिभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन्। देश संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य र मान्यतालाई संस्थागत गर्ने दिशामा अघि बढिरहेको छ। नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धि २००६ हस्ताक्षर र अनुमोदन गरि पक्ष राष्ट्र बनेको छ। वि.स.२०७२ मा जारी गरिएको संविधानले अन्य सिमान्तकृत वर्गसँगै अपाङ्गता भएका व्यक्तिहरूलाई समेत प्रदान गरेको केही महत्पुर्ण अधिकारहरू प्रदान गरेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ लगायतका अन्य नीतिगत व्यवस्थाहरूलाई विश्लेषण गर्ने हो भने अपाङ्गता भएका व्यक्तिहरूका लागि नीतिगत व्यवस्था मा राम्रो प्रगति रहेको छ। कुनै विषयमा

कानून तथा नीतिहरू बन्नुआफैँमा महत्वपूर्ण कुरा हो तर त्यसको प्रभावकारी कार्यन्वयनले मात्र मानिसको जीवनमा परिवर्तन ल्याउन सक्छ भन्ने कुरा बितेका केही वर्ष यता हाम्रो अनुभवले समेत प्रमाणित गरिरहेको छ।

यसै परिपेक्षयमा शितगङ्गा नगरपालिका क्षेत्र भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई सम्भाव्य सेवा सुबिधा र अवसर उपलब्ध गराउन सहज बनाउने हेतुले सरोकारवालाहरू सँगको समन्वय अनि सहकार्यमा योजनाबद्ध ढङ्गबाट काम अगाडि नबढाइए सम्म दूर दराजमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक रूपमा अधिकार सुनिश्चित गर्न नसकिने कुरा पक्कापक्की छ। यसै कुरालाई ध्यान दिइ शितगङ्गा नगरपालिकाले स्थानीय स्तरमा क्रियाशिल संस्थाहरू,अपाङ्गता भएका ब्यक्तिहरू सँगको अन्तर्कृयाबाट रणनैतिपत्र योजना तयार गर्ने र सोही बमोजिम आगामी दिनहरूमा अपाङ्गता व्यवस्थापनमा टेवा पुऱ्याउनका लागि सम्बन्धित सबै सरोकारवालाहरूलाई कार्य गर्न र कामलाई प्रभावकारी बनाउने अभिप्रायले यो रणनैतिक योजना तयार गरिएको हो।

## ३. समस्याको विश्लेषण

अपाङ्गता भएका व्यक्तिहरुको वास्तविक आवश्यकताको पहिचान गर्नका लागि नगर क्षेत्र भित्र क्रियाशिल देउराली अपाङ्गता उत्थान समाज, प्रगतीशिल अपाङ्ग संघ लगायत अपाङ्गता भएका ब्यक्तिहरू अपाङ्गता भएका शिक्षक कर्मचारीहरू तथा सरोकारवाला निकायहरू सँगको छलफलबाट प्राप्त निष्कर्षलाई आधार बनाई समस्याहरुको पहिचान गरी विश्रुलेषण गरिएको छ।

(**क**) **शिक्षाः** शिक्षा मानिसको नैसर्गिक अधिकार हो, स्वावलम्बी र मर्यादित जीवन यापन गर्न, शिक्षा सबैका निम्ति आवश्यक छ। यस नगरपालिकामा रहेका धेरै जसो अपाङ्गता भएका बालबालिकाहरू शिक्षाको अवसरबाट वञ्चित छन्। शिक्षा प्राप्त गरेका व्यक्तिहरूले समेत गुणस्तरीय र व्यवहारिक शिक्षा प्राप्त गर्न पाइ रहेका छैनन्। विद्यालय र शिक्षण संस्थाहरू सबै प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरूलाई स्वागत गर्नका लागि तयार भए तापनि भौतिक संरचना अपाङ्गता भएका बालबालिका मैत्री छैनन्। अपाङ्गता भएका बालबालिकाहरूले लेखपढ गर्न सक्छन् भन्ने कुरामा पूर्ण रुपमा विश्वस्त छैनन। उनीहरूका लागि

स्थापित विद्यालय र उनीहरूको शिक्षाका लागि सरकारले प्रदान गर्ने सुविधाहरूका बारे पर्याप्त जानकारीको कमी, विद्यालय स्तरमा उनीहरू मैत्री शिक्षणका लागि आवश्यक दक्ष एवम् अनुभवी जनशक्तिको कमी, उनीहरू मैत्री पाठ्यक्रम, शैक्षिक सामाग्री तथा पाठ्यपुस्तकको अपर्याप्तता, सहायक सामग्रीको अभाव जस्ता मुख्य समस्याहरूका कारण शितगङ्गा बासि अपाङ्गता भएका बालबालिकाहरु व्यवहारिक र गुणस्तरिय शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनु परिरहेको छ।

(ख) **स्वास्थ्य**ः अधिकांश अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुगेको छैन। अपाङ्गता पहिचान अभिलम्ब गर्ने कुनै सम्यन्त्रको व्यवस्था छैन। यातायातमा कम पहूँच, अपाङ्गता भएका व्यक्ति र उनीहरूका परिवारलाई सरकार द्वारा प्रदान गर्ने स्वास्थ्य सम्बन्धी सुविधाहरू र प्राप्त गर्ने तरिका बारे स्पष्ट जानकारि नहुनु र जानकारीका माध्यमहरू उनीहरूका लागि पहुँचयुक्त नहुनु, स्वास्थ्य संस्थाबाट प्राप्त हुने सेवा तथा सुविधा उपभोग गर्न अनुकुल नहुनु, अस्पतालको भौतिक संरचना मैत्रीपूर्ण नहुनु, अस्पतालमा फिजियोथेरापीष्टको दक्ष जनशक्ति नहुनु साथै कार्यरत कर्मचारीहरूमा अपाङ्गताको राम्रो ज्ञान नहूनु लगायतका समस्याहरूका कारण उनीहरू सरकारी स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका सेवा सुविधाहरूको समेत पूर्ण रूपमा प्रयोग गर्न बाट वञ्चित भइरहेका छन्, जसका कारण उनिहरू विभिन्न रोगहरूको सिकार भई बहु अपाङ्गता बरण समेत गर्नु पर्ने अवस्था छ।

(ग) **रोजगारी**ः धैरै संख्या अपाङ्गता भएका व्यक्तिहरू रोजगारको अवसर बाट वञ्चित छन्, यसको पछाडि विभिन्न कारणहरू रहेका छन्, जस्तै समाजमा विद्यमान उनीहरू प्रतिको नकारात्मक धारणा, उनिहरूको सिप, क्षमता र योग्यताको उचित कदर नहुनु, निजि क्षेत्रका रोजगार प्रदायकहरू अपाङ्गता भएका ब्यक्तिहरू के के काम गर्न सक्छन भन्ने विषयमा जानकार नहुनु, उनीहरू रोजगारको अवसर प्रदान गर्न इच्छुक नहुनु, अपाङ्गता भएका ब्यक्तिहरूमा विभिन्न रोजगारका क्षेत्रमा काम गर्न आवश्यक सिप, क्षमता र आत्मविश्वासको कमि कार्यस्थल उनिहरू मैत्री नहुनु र रोजगारका सम्भावित क्षेत्रहरू बारे उनिहरू स्वयम् कम जानकार हुनु, उनीहरू रोजगार युक्त हुन नसक्नुका मुख्य कारणहरू हुन्।

(घ) **सूचना एवम् सञ्चारः** सूचना सञ्चारको तीव्र विकासका कारण विश्व नै एउटा सानो गाउँमा परिणत हुन लागेको वर्तमान अवस्थामा अपाङ्गता भएका ब्यक्तिको दैनिक जीवनमा यसको प्रयोग अपरिहार्य भएको छ तर यस क्षेत्रका धेरै जसो अपाङ्गता भएका व्यक्तिहरू अत्याधुनिक सूचना प्रविधिका साधनहरूको प्रयोग गर्ने अवसर बाट वञ्चित रहेका छन् । यसकोदक्ष जनशक्तिको अभाव अपाङ्गता मैत्री प्रविधिको स्थानिय स्तरमा उपलब्धता नहुनु र सरोकारवालाहरू यस्ता Assistive technology बारे जानकारी नहुनु रहेका छन । यस्ता प्रविधिहरूमा पहुँच नभएको कारणले उनीहरूको शिक्षा र रोजगारीका अवसरमा प्रत्यक्ष असर पुगेको छ ।

(ङ) **नीतिगत व्यवस्थाः** वर्तमान अवस्थामा देश भित्रका अपाङ्गता भएका व्यक्तिहरूका निम्ति थुप्रै नीतिगत व्यवस्थाहरू भएको पाइन्छ जुन कुरा हामीले यस माथिका खण्डहरूमा समेत चर्चा गरी सकेका छौं । तर यस किसिमका नीतिगत व्यवस्थाहरूको नत प्रभावकारी ढङ्गबाट कार्यान्यिन हुन सकेको छ नत लक्षित वर्गलाई त्यस बारे पर्याप्त जानकारी नै छ । पहुँचयुक्त ढाँचामा जानकारी प्रदान गर्ने व्यवस्था नहुनु, पर्याप्त प्रशिक्षण एवम् अभिमुखीकरणको अभाव, विश्वसनीय तथ्याङ्क राख्ने परिपाटिको विकास नहुनु जस्ता कुराहरू यस कुराका लागि मुख्य रूपमा जिम्मेवार छन् । अपाङ्गता भएका ब्यक्तिहरूका लागि ती समस्याहरू विद्यमान रहनुका कारणहरू निम्न अनुसार रहेका छन् भन्ने विश्लेषण गरिएको छ ।

(च) अपाङ्गता विकासको सवालसँग पूर्ण रूपमा जोडिन नसक्दा अपाङ्गता भएका व्यक्तिहरूले सेवा सुविधा र अवसरहरू समान पहुँच प्राप्त गर्न नसक्नु

(छ) अपाङ्गता भएको व्यक्तिहरुको अधिकार महासंधि मार्फत अपाङ्गता सम्बन्धि मानवअधिकारका सवालहरूसँग पूर्ण रूपमा जोडिई सकेको भएतापनि अझै अपाङ्गता भएका व्यक्तिहरूले न्यायमा समान पहुँच र विभेद विरूद्धको हक उपयोग गर्न नसक्नु ।

(ज) अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न मानव अधिकारहरूको समान उपयोगलाई सहजीकरण गर्ने विशेष आवश्यकताहरू (जस्तै भौतिक पहुँच, सूचना तथा सञ्चारमा पहुँच, विशेष हेरचाह, व्यक्तिगत सहयोगी, उचित अनुकूलता, पुर्नस्थापना सेवा, सहायक सामग्री, सहायक उपकरण आदि) प्राप्त गर्न नसक्नु ।

(झ) नागरिकको हैसियतमा प्राप्त गर्नुपर्ने अधिकार, सेवा सुविधा, अवसर, सहुलियत, (जस्तै शिक्षा, स्वास्थ्य, रोजगार, जीवन यापन, शसक्तिकरण, सामाजिक सुरक्षा, आर्थिक सेवा, आदि) सामान आधारमा प्राप्त गर्न नपाउनु ।

(ञ) अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ ले सुनिश्चित गरेका हक र अधिकारहरूको पूर्ण रूपमा संरक्षण र सम्मान भएको छैन ।

(ट) अपाङ्गता परिचयपत्र वितरणमा अन्योलता रहेको देखिन्छ ।

(ठ) सरकारी तथा गैर सरकारी निकायहरुद्वारा विपद व्यवस्थापन सँग सम्बन्धित नीति योजना र कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सवाललाइ उचित सम्बोधन नगरिनु ।

## ४. अपाङ्गता ब्यवस्थापनका लागि सवल पक्षहरूः

- अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धि २००६ लाई नेपाल सरकारले हस्ताक्षर र अनुमोदन गर्नु ।
- अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार सम्बन्धि ऐन २०७४ नियमावली २०७७ बनाई लागु गर्नु ।
- अपाङ्गता ब्यवस्थापन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारलाई संविधानले अधिकार दिनु ।
- स्थानीय श्रोत र साधनहरूमा पहुँच पुऱ्याउनु पर्दछ भन्ने सोचको विकास हुनु ।
- नगरपालिका भित्र अपाङ्गता भएका ब्यक्तिहरूद्वारा सञ्चालित संस्थाहरू देउराली अपाङ्ग उत्थान समाज प्रगतिशिल अपाङ्ग संघ जस्ता संस्थाहरू गठन भई क्रियासिल हुनु ।
- गैर सरकारी संस्थाहरूले अपाङ्गता विषयमा कार्य गर्ने कामको थालनी हुनु ।
- अपाङ्गता परिचय पत्र वितरण कार्यविधि हुनु ।

## ५. विद्यमान कमजोरीहरूः

- विद्यमान नितिहरूका वारेमा प्रयाप्त वहस गरी योजना बनाई कार्यान्वयन गर्न प्राथमिकता नदिनु ।
- अपाङ्गता भएका ब्यक्तिहरूका सवालहरूमा संवेदनशिल हुन नसक्नु ।
- अपाङ्गता भएका ब्यक्तिहरू संगठित हुन नसक्नु ।
- अपाङ्गता भएका ब्यक्तिहरूको खण्डिकृत तथ्याङ्क नहुनु ।

## ६. अवसरहरू:

- स्थानीय सरकार अपाङ्गताको वारेमा सचेत हुनु ।
- नगर क्षेत्र भित्र अपाङ्गता ब्यवस्थापनका लागि काम गर्ने संस्थाहरू हुनु ।

## ७. चुनौतिहरू:

- अपाङ्गता ब्यवस्थापनका लागि दक्ष जनशक्तिको अभाव ।
- स्थानीय सरकारसँग प्रयाप्त श्रोत नहुनु ।
- भौगोलिक विकटता हुनु ।
- अपाङ्गता भएका ब्यक्तिहरूमा आत्मबल कमी हुनु ।

## ८. आगामी नीतिहरू :

नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा गरेका प्रतिवद्धताहरू संघीय सरकार र लुम्बिनी प्रदेश सरकारले जारी गरेका नितिगत ब्यवस्थाहरू र मानव अधिकार सम्बन्धि घोषणा पत्रलाई स्मरण गर्दै

- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ कार्यान्वियनलाई जोड दिने ।
- नगर स्तरीय अपाङ्ग समन्वय समितिको क्षमता विकास गर्ने ।
- अपाङ्गता सम्पर्क इकाई स्थापना गर्ने र दोभाषेको व्यवस्था गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको उपयुक्त अनुकुलताको आधारमा सबै सार्वजनिक भौतिक संरचना,यातायात,तथा संचारका प्रणालीहरु अपाङ्गता मैत्री बनाउदै लगिने निति अवलम्बन गर्ने ।
- कार्यालयको वेभ साइड अपाङ्गता मैत्री बनाउने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई अरु सरह मुलधारका विद्यालय,कलेज वा शैक्षिक सस्थामा गएर पढ्न पाउने अवसर सुनिश्चित गर्न भौतिक संरचनाहरू अनुकुल बनाउने ।
- गैर सरकारी क्षेत्रबाट अपाङ्गता भएका व्यक्तिहरुलाई उपलब्ध भैरहेका सेवाहरुलाई समन्वयात्मक रुपमा संचालन तथा ब्यबस्थापन गर्ने ।
- अपाङ्गता रोकथाम,उपचार तथा पुर्नस्थापनाका लागि सचेतना अभिवृद्धि गर्ने ।

- अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामग्रीहरु वडा कार्यालयहरुबाट उपलब्ध गराउने ब्यवस्था गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई क्षमता विकास लक्षित कार्यक्रमहरु संचालन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहज हुने गरि सेवा प्रवाह गर्न खोज्ने निकायलाई प्रोत्साहन गर्ने ।
- नगर स्तरबाट गठन गरिने सबै विषयगत समितिहरुमा अपाङ्गता भएका व्यक्तिको अनिवार्य प्रतिनिधित्व गराउने ।
- संघीय र प्रदेश सरकारका नीति अनुकुल थप कार्यहरु गर्ने ।
- नगर वा नगर भित्रका वडाहरुको बजेटमा अपाङ्गता क्षेत्रमा उच्च प्राथमिकता दिई बजेट विनियोजन गरिने छ ।

## ९. नगरपालिकाले अपाङ्गता ब्यवस्थापनका लागि सम्बोधन गर्नु पर्ने मुख्य-मुख्य विषयवस्तुहरू

(क) अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्कलाइ सबै वडा कार्यालयहरुले ब्यबस्थित गर्नु पर्ने र समय समयमा अद्यावधिक गर्दै जाने ।

(ख) अपाङ्गता पहिचान, सिघ्र लाभका लागि सम्बन्धित निकायमा रिफर गर्ने सम्यन्त्रको विकास, आवश्यक सहायक सामग्रीको व्यवस्था जस्ता कुराहरूको उपलब्धताका लागि नगरपालिकाले व्यवस्था गर्दै जाने ।

(ग) अपाङ्गता सम्बन्धी काम गर्ने अन्य निकाय, संस्था, समूह वा व्यक्तिको क्षमता विकास गर्ने ।

(घ) अनुगमन संयन्त्रको निर्माण एवम् प्रभावकारी कार्यान्वयनका लागि प्रयासहरू सुरु गर्ने ।

(ङ) अपाङ्गता भएका व्यक्तिहरूको आय-आर्जनका लागि व्यावसायिक एवम् सिपमुलक तालिमको व्यवस्था गर्ने ।

(च) नगर भित्रका अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यलाई जोड दिने जसको परिणाम स्वरूप अनुभव एवम् सिकाइहरू समेत आदानप्रदान गर्न सकियोस् ।

(छ) अपाङ्गता भएका महिला एवम् बालबालिकाको विकासका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।

(ज) स्थानीय स्रोत परिचालन सम्बन्धी ज्ञान सीप प्रदान गर्दै जाने ।

(झ) अपाङ्गता भएका व्यक्तिहरू द्वारा सञ्चालन गरिएका संस्था एवम् समूहहरू बीच हुने सञ्जालिकरणलाई प्रवर्द्धन गर्ने।

(ञ) नगरपालिका भित्र काम गर्ने अन्य संस्था एवम् समूहहरूमा अपाङ्गताको सवाललाई मुलप्रवाहिकरण गर्नका लागि नितिगत ब्यबस्था गरी सञ्चालन गर्न प्रेरित गर्ने।

(ट) सबै सार्वजनिक भौतिक संरचना तथा सञ्चार सेवाहरूलाई सर्वमान्य ढाँचामा पहुँचयुक्त हुने गरी निर्माण एवम् पुनर्निर्माण गर्न वा गराउनका लागि नगरपालिकाद्वारा अनिवार्य व्यवस्था लागू गर्ने।

## १०. अपाङ्गता ब्यवस्थापनका लागि शितगङ्गा नगरपालिकाको परिकल्पना:

"शितगङ्गा नगरपालिकालाई अपाङ्गता मैत्री नगर बनाउने।"

## ११. अपाङ्गता ब्यवस्थापनका लागि शितगङ्गा नगरपालिकाको लक्ष्य :

अपाङ्गता सम्बन्धि विद्यमान नितिले सुनिश्चित गरेका अधिकारहरुको उपभोग गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, सहभागिता तथा पुर्नस्थापना लगायतका सेवा, सुबिधा र अवसरहरुमा आम नागरिक सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच स्थापित गर्न मद्दत गर्ने।

## १२. अपाङ्गता ब्यवस्थापनका लागि शितगङ्गा नगरपालिकाको उद्धेश्य :

(क) अपाङ्गता भएका व्यक्तिहरु प्रति रहेका सामाजिक, आर्थिक, सास्कृतिक, वातावरणीय एवं धारणागत अवरोधहरु हटाउने।

(ख) स्थानीय तहबाट प्रवाह गरिने सेवा सुविधाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिवृद्धि गर्ने।

(ग) अपाङ्गता भएका व्यक्तिहरुको शसक्तिकरण गरि सहभागिता बढाउने ।

(घ) अपाङ्गता भएका व्यक्तिहरुमा रहेको गरिवी कम गर्ने ।

(ङ) अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने ।

## १३. अपाङ्गता ब्यवस्थापनका लागि शितगङ्गा नगरपालिकाले अवलम्बन गरिने रणनीतिहरूः

- अपाङ्गता परिचय पत्र उपलब्ध गराउनुका साथै तथ्याङ्कलाई ब्यवस्थित गर्ने ।
- क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन गर्ने,
- प्रविधिको प्रयोगमा प्रोत्साहन गर्ने,
- विभिन्न समितिहरूमा सहभागी भइ आफ्ना सवालहरूमा छलफलको सुरुवात गर्ने,
- विभिन्न सरोकारवाला निकाय एवम् व्यक्तिहरूलाई पुरस्कार एवम् दण्डको व्यवस्था गर्ने,
- कार्यशालागोष्ठी एवम् सेमिनारहरू सञ्चालन गर्ने,
- सामूहिक छलफल एवम् अनुभव आदानप्रदानलाई प्रोत्साहन,
- विभिन्न सरकारी एवम् गैरसरकारी साझेदारहरू सँग सम्बन्ध एवम् साझेदारी विस्तार गर्ने,
- प्रत्यक्ष भेटघाट र अनुरोधका लागि प्राथमिकता दिने,
- एस् एम् एस् वा फोन मार्फत सूचना आदानप्रदान गर्ने,
- स्थानीय स्रोतको पहिचान एवम् परिचालन,
- जन वकालत तथा पैरवी एवम् दवाबमुलक कार्यक्रम,
- घर दैलो कार्यक्रम, प्रत्यक्ष भेटघाट एवम् परामर्श,
- सञ्चारका माध्यमहरूबाट सूचना प्रसारण एवम् प्रकाशन,
- सडक नाटक मार्फत जन चेतना अभिवृद्धि,
- सफलताका कथाहरूको सङ्कलन, प्रकाशन एवम् वितरण,
- पर्चा पम्प्लेट छपाइ एवम् वितरण,
- सरोकारवालाहरूको प्रतिबद्धता लिने,

- उपर्युक्त अनुकूलताको प्रयोग,
- रोजगार दाताहरूका निम्ति परामर्श एवम् नियमित भेटघाट कार्यक्रम,
- व्यवसाय सञ्चालन गरिरहेका व्यक्तिहरूलाई समय समयमा परामर्श एवम् प्रोत्साहन,

## १४. यो रणनीतिको कार्यन्वयनका लागि श्रोत तथा सरोकारवालाहरू :

- संघीय र प्रदेश सरकार
- जिल्ला समन्वय समिति अर्घाखाँची
- लुम्बिनी प्रादेशिक  अस्पताल
- इलाका प्रशासन कार्यालय
- नेपाल इन्जिनियर्स एसोसियसन
- ट्राफिक प्रहरी कार्यालय
- राष्ट्रिय मानव अधिकार आयोग
- यातायात व्यवसायी संघ सस्थाहरु
- यातायात मजदुर संघ सस्थाहरु
- स्थानीय व्यवसायिक संघ सस्थाहरु
- सामुदायिक वनहरू
- उधोग वाणिज्य, व्यापार संघ
- होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ
- राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
- देउराली अपाङ्गता उत्थान समाज
- प्रगतीशिल अपाङ्ग संघ
- सामुदायिक र सस्थागत विद्यालयहरु
- अन्य विषयगत समिति तथा उप समितिहरु
- अन्तराष्ट्रिय गैर सरकारी सस्थाहरु आदि ।

| मुख्य क्षेत्र | क्रियाकलाप | समय सीमा | लगानीको श्रोत | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| शिक्षा | • छात्रवृत्ति प्रदान<br>• विद्यालयका शौचालय सर्वमान्य ढाँचामा निर्माण पुनर्निर्माण गर्ने<br>• समावेशी शिक्षा तालिम<br>• नेपाली साङ्केतिक भाषा ब्रेल लिपीका तालिमहरू सञ्चालन गर्ने । | पाँच वर्ष भित्र | नगरपालिका | शिक्षा शाखा |
| स्वास्थ्य | • अपाङ्गता भएका ब्यक्तिहरूको निःशुल्क स्वास्थ्य बिमा गर्ने<br>• सहायक सामग्री प्रदान<br>• एफ एम बाट स्वास्थ्य सम्बन्धि सुचना सम्प्रेषण गर्ने | पाँच वर्ष भित्र | नगरपालिका | अस्पताल |
| सशक्तिकरण | • क्षमता विकास तालिम प्रदान गर्ने<br>• अति अशक्त र पुर्ण अशक्त अपाङ्गता भएका ब्यक्तिहरूका अभिभावकहरूलाई परामर्श सेवा प्रदान<br>• अपाङ्गता भएका ब्यक्तिहरू द्वारा सञ्चालित संस्थाहरूको संस्थागत विकासका लागि सहयोग गर्ने<br>• अपाङ्गता भएका ब्यक्तिहरू र अभिभावकहरूलाई नेतृत्व विकास तालिम प्रदान गरी पैरवी गर्न सक्षम बनाउने<br>• अपाङ्गता परिचय पत्र वितरण<br>• अपाङ्गता भएका व्यक्तिहरुलाई नगरमा गठन हुने विभिन्न समितिहरुमा सहभागिता गराउने<br>• देउराली अपाङ्गता उत्थान समाज र अन्य अपाङ्गता सम्बन्धि काम गर्ने संस्थाहरुको संस्थागत विकासका लागि बजेटको व्यवस्था गर्ने । | पाँच वर्ष भित्र | नगरपालिका र वडा कार्यालयहरु | अपाङ्गता सम्बन्धि संस्थाहरू (देउराली अपाङ्ग उत्थान समाज) |
| जिबिकोपार्जन | • अपाङ्गता भएका ब्यक्तिहरूलाई स्वरोजगार बनाउन सहयोग गर्ने<br>• साना ब्यबसाय सञ्चालन तालिम प्रदान गर्ने<br>• अपाङ्गता भत्ता प्रदान गर्ने<br>• अपाङ्गता भएका ब्यक्तिहरूलाई रोजगार प्रदान गर्ने निकायलाई प्रत्साहन गर्ने<br>• अपाङ्गता भएका ब्यक्तिहरूलाई कृषि कार्यका लागि पूर्ण छुट अनुदानको व्यवस्था गरिनेछ। | पाँच वर्ष भित्र | नगरपालिका र वडा कार्यालयहरु | नगरपालिका सामाजिक शाखा |
| समावेशीकरण | • टोल विकास संस्थामा अपाङ्गता भएका ब्यक्तिहरूको सहभागिता गराउने ।<br>• नगरका सामुदायिक वनहरूको समितिमा अपाङ्गता भएका ब्यक्तिहरूको सहभागिता गराउन पहल गर्ने पाँच वर्ष भित्र नगरपालिका टोल विकास संस्थाहरू | पाँच वर्ष भित्र | नगरपालिका र वडा कार्यालयहरु | टोल विकास संस्थाहरु |

१६. रणनितिको कार्यान्वयन : यस रणनीति पत्रको कार्यान्वयनको नेतृत्व शितगङ्गा नगरपालिकाले र प्रत्यायोजन गरेको निकायले लिनेछ । यसको प्रभावकारी कार्यान्वयनको लागि विभिन्न विकास निकायहरू, सरकार, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, गैर सरकारी निकायहरू, निजी क्षेत्र आदिसँग विभिन्न अल्पकालीन वा दीर्घकालीन कार्यक्रम, अभियान, परियोजना आदिमा साझेदारी, समन्वय वा सहकार्य गरिनेछ । यस्ता साझेदारी, सहकार्य वा समन्वयको लागि नगरपालिकाको सामाजिक शाखाले र नगर भित्र अवस्थित देउराली अपाङ्ग उत्थान समाज अर्घाखाँची र प्रगतिशिल अपाङ्ग संघसँग मिलेर गरिनेछ ।

१७. श्रोत परिचालन रणनीतिः यो रणनीति कार्यान्वयनको लागि नगरपालिकाले नगर क्षेत्र भित्र रहेका स्रोत परिचालन गरी कार्यान्वयन गर्नेछ ।

१८. प्रतिवेदन : रणानीति कार्यान्वयनको प्रतिवेदन तयार गर्नको लागि आवश्यक पर्ने सूचनाहरूलाई केन्द्रमा सङ्कलन गर्न एउटा सूचना संयन्त्रको निर्माण गर्ने र उक्त संयन्त्रमा अपाङ्गता भएका ब्यक्तिहरू द्वारा सञ्चालित संस्थाहरूबाट प्राप्त हुने सूचनाहरूलाई सङ्कलन गर्ने व्यवस्था गर्ने । सूचना सङ्कलन गर्नको लागि आवश्यक फारम र ढाँचाहरूको निर्माण गर्ने संस्थाहरूलाई उपलब्ध गराउने । प्राप्त सूचनाको आधारमा नगरपालिकाको बैठकमा रणनीति पत्रको कार्यान्वयनको अवस्थाको बारेमा अद्यावधिक गर्ने । प्रत्येक वर्ष हुने वार्षिक नगर सभामा रणनीति पत्रको कार्यान्वयन र उपलब्धिहरूको बारेमा प्रतिवेदन पेश गर्ने ।

१९. अनुगमन : रणनीति पत्रको कार्यान्वयनको अनुगमन गर्नको लागि नगरपालिकाले एक समिति गठन गर्नेछ ।यस समितिले रणनीति पत्रका प्राथमिकता, उद्देश्य, हासिल गर्न चाहेका उपलब्धि, निर्धारित रणनीतिहरू, निर्धारित लक्ष र कार्य योजनाको आधारमा गरेका काम कारबाहीहरूको प्रत्यक्ष अनुगमन तथा मूल्याङ्कन गरि आवश्यक सुझावहरू दिनेछ । यसरी दिएका सुझावहरूलाई समितिको बैठकमा समेत जानकारी गराइ कार्यान्वयनमा लैजानेछ । यो समितिले रणनीति पत्रको कार्यान्वयन अनुगमन गर्न आवश्यक पर्ने सम्पूर्ण आवश्यक प्रणाली, पद्धति र उपकरणहरू निर्माण गरि तीनको उपयोग गर्नेछ । अनुगमनको लागि

आवश्यक पर्ने सूचनाहरू निरन्तर रूपमा प्राप्त गर्न समितिले नगरपालिकामा उपलब्ध साधन र स्रोतको सीमालाई मध्य नजर गर्दै समितिले अनुगमनको लागि प्रभावकारी योजना निर्माण गरि विभिन्न स्थलगत भ्रमण गरि आवश्यक सूचनाहरू सङ्कलन समेत गर्नेछ।

२०. मूल्याङ्कन र समिक्षा : नगरपालिकाले वार्षिक रुपमा समिक्षा गरी अन्तिम वर्षमा समग्र समिक्षा गरी पुन दीर्घकालिन रणनीति बनाई कार्यान्वयन गर्दै जानेछ।

**नेपाल सरकारले राजपत्रमा प्रकाशित अपाङ्गताको परिभाषा, वर्गीकरण शारीरिक अंग वा प्रणालीमा भएको समस्या तथा कठिनाईको आधारमा अपाङ्गता भएका व्यक्तिः-**

१. शारीरिक अपाङ्गता :- स्नायु ,मांसपेशी र जोर्नी तथा हड्डी को बनावट एबं संचालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अंगको संचालन,प्रयोग,र हिड्डुलमा समस्या (जस्तैः-बाल पक्षघात (पोलियो),शारीरिक अंग विहिन, कुष्ठ प्रभाव, मांसपेशी विचलन (मस्कुलर डीष्ट्रोफि ), जोर्नी र मेरुदण्ड सम्वन्धि स्थायी समस्या ,क्लव फिट पैताला फर्केको, रिकेट्स,हड्डी सम्बन्धि समस्याका कारण उत्पन्न अशक्तता ) तथा १६ वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनु पर्ने औसत उचाई भन्दा ज्यादै कम उचाई भएको व्यक्ति

२. दृष्टि सम्बन्धि अपाङ्गता :- दृष्टि सम्बन्धि देहायको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति,रुप,र रङ्गको ज्ञान नहुने :

क) दृष्टिविहिनता : औषधि,शल्यचिकित्सा ,चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औला दश फिटको दुरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर ३/६०) मा पढ्न नसक्ने व्यक्ति।

ख) न्यून दृष्टियुक्त : औषधि,शल्यक्रिया ,चस्मा वा लेन्सको प्रयोगबाट पनि बिस फिटको दुरीबाट हातको औला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (३/१८) मा पढ्न नसक्ने ि

ग) पूर्ण दृष्टिविहीन : पूर्ण रुपमा उज्यालो वा अध्यारो छुट्याउन नसक्ने व्यक्ति

३. सुनाइ सम्बन्धि अपाङ्गता : सुनेका अंगको बनावट एबं स्वरको पहिचान, स्थान,उतारचढाव तथा स्वरको मात्रा गुण छुट्याउन नसक्ने व्यक्ति :

क) बहिरा :- असि डेसिवल भन्दा माथिको ध्वनी सुन्न नसक्ने वा संचारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

ख) सुस्त श्रवण : सुन्नलाई श्रवण यन्त्र राख्नु पर्ने वा ६५ देखि ८० डेसिवल सम्मको ध्वनी सुन्न सक्ने व्यक्ति ा

४. श्रवण दृष्टिविहीन अपाङ्गता : सुनाइ सम्बन्धि र दृष्टि सम्बन्धि दुबै अपाङ्गता भएको वा दुई वटा इन्द्रीय सम्बन्धि अपाङ्गताको संयुक्त अन्तरक्रिया रहेको व्यक्ति ।

५. स्वर र बोलाइ सम्बन्धि अपाङ्गता : स्वर र बोलाइ सम्बन्धि अङ्गमा उत्पन्न कार्यगत सिमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ,बोलि स्पष्ट,नहुने ,बोल्दा शब्द वा अक्षर दोहोरयाउने व्यक्ति ।

६. मानसिक वा मनोसामाजिक अपाङ्गता : मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना,अभिमुखीकरण,स्फुर्ति,स्मरण शक्ति,भाषा,गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अबस्थाको व्यक्ति ।

७. बौद्धिक अपाङ्गता : उमेरको वृद्धि संगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तोः डाउन सिन्ड्रोम समेत)

८. अनुवंशीय रक्तश्राप (हेमोफिलिया) सम्बन्धि अपाङ्गता : अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अबस्थाको व्यक्ति ।

९. अटिज्म सम्बन्धि अपाङ्गता : जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति (जस्तोः संचार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाइ हुने तथा उमेरको विकाससंगै सामान्य व्यवहार नदेखाउनु,अस्वभाविक प्रतिक्रिया देखाउनु एउतै क्रिया लगातार दोहोर्याउनु,

अरुसंग घुलमिल नहुनु वा तिब्र प्रतिक्रिया गर्ने व्यक्ति ।

१०.बहु अपाङ्गता : एउतै व्यक्तिमा माथि उल्लेखित दुई वा दुई भन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएका व्यक्ति । (जस्तोः मस्तिष्क पक्षघात आदि)

अशक्तताको गम्भीरताको आधारमा अपाङ्गताको वर्गीकरण

(१) पूर्ण अशक्त अपाङ्गता : आफ्नो दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर रुपमा अरुको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्थाको व्यक्ति ।

(२) अति अशक्त अपाङ्गता : वैयक्तिक क्रियाकलाप सम्पादन गर्न तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर रुपमा अरुको सहयोग लिनु पर्ने अवस्थाको ब्यक्ति ।

(३) मध्यम अपाङ्गता : भौतिक सुबिधा,वातावरणीय अवरोधको अन्त्य,शिक्षा वा तालिम भएमा अरुको सहयोग लिई वा नलिई नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने व्यक्ति ।

(४) सामान्य अपाङ्गता : सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रुपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने व्यक्ति ।

**स्टव्य** :

संचार : भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई कुराकानी गर्न र विभिन्न सूचनालाइ बुझ्न सघाउने विधि र तरिकालाई जनाउदछ । उदाहरणका लागि कम्प्युटर,सजिलो भाषा प्रयोग गरेर लेखिएका पढ्ने सामग्री,ब्रेल,सुनेर संचार गर्ने तरिका,ठुलो खालको छापा अक्षर, छोएर गरिने संचार आदि

अपाङ्गताका आधारमा गरिने विभेद : भन्नाले अपाङ्गता भएको भनेर हेप्नु, असमान व्यवहार गरिनु,मनमा दुख लाग्ने शब्दहरु भनेर अपमान गर्नु, विभिन्न सामाजिक काममा सामेल हुनबाट रोकावट गर्नु,कानुनले दिने भनेका सेवा सुविधाहरु अरुले पाए जसरि नपाउनु,अरुले जस्तो पढ्ने सिक्ने अवसर नपाउनु ,हिडडुल गर्ने ठाँउहरु असजिला हुनु र सजिलो हुने गरि नबनाइदिनु, अपाङ्गता भएको भनेर हिंसा र दुर्व्यवहार गर्नु ।

भाषा : भन्नाले कुनै पनि विधिले मानिसहरुले आपसमा कुराकानी गर्नु वा भावना एबं विचारहरु साटासाट गर्नु(वातचित गर्नु) गर्नुलाई जनाउद छ। यसमा कुराकानी र संचार

गर्न चाहिने आवाज र संकेत जसमा सांकेतिक भाषा पनि पर्छ।

सर्वमान्य संरचना : भन्नाले कुनै पनि संरचना, उपकरण (जस्तैः घर, भवन, मोटर, कम्प्युटर, मोवाइल) जसलाई कुनै ठुलो फेर वदल विना नै अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्न सक्छन यस्तोमा अपाङ्गता भएकाका हरुका लागि प्रयोग हुने सहायक सामग्री समेत पर्छन।

उपयुक्त अनुकुलता : भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई अरुले जस्तै सबै अधिकार, सेवा, सुबिधा र अबसरहरुको समान उपयोग गर्न वा सक्षम बनाउन ,अरु सरह दैनिक कामकाज, लेखपढ, रोजगारी,सामाजिक कामहरु आदिमा समाबेश हुन सजिलो बनाउन कुनै निश्चित अबस्थामा मात्र चाहिने र थप वा धेरै खर्च नगरीकनै दिने खालका विशेष सुबिधा ,सेवा वा वतावारणमा गरिने सुधार भन्ने बुझ्नु पर्दछ। ( जस्तै) विशेष प्रकारका मेच वा टेवल,शौचालयहरुमा समातेर बस्न सजिलो हुने गरि राखिने समात्ने वारहरु .दृष्टिविहीन व्यक्तिहरुलाई कम्प्युटरमा काम गर्न सहज हुने गरि जडान गरिने विशेष प्रकारका सफ्टवेयरहरु आदि)

**श्रोत सामग्रीहरु** :

- नेपालको संबिधान २०७२
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि २००६ र इन्च्योन रणनीति
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४
- शितगङ्गा नगरपालिकाको नगर प्रोफाइल र नगरका नितिहरू
- स्थानीय स्तरबाट प्राप्त तथ्याङ्कहरु